कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक)

च.न. ८६/०७८/०७९

मिति : २०७८/०८/१४

श्री नेपाल स्टक एक्चेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं, नेपाल ।

**विषय : १५ औं वार्षिक साधारणसभाको निर्णय सम्बन्धमा ।**

महोदय,

यस वित्तीय संस्थाको २०७८ साल कार्तिक २३ गते मंगलबारका दिन सम्पन्न १५ औं वार्षिक साधारणसभाको निर्णय (माइन्युट) यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

भवदिय,

..........................
हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

बोधार्थ,

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं ।
३) श्री बि.ओ.के. क्यापिटल मार्केट लिमिटेड, नारायणचौर नक्साल, काठमाडौं ।

# कामना सेवा विकास बैंक लिमिटेड

## काठमाडौं - ३०, ज्ञानेश्वरको

## १५औं वार्षिक साधारणसभाको निर्णय तथा कार्यवाही विवरण

**१. १५औं वार्षिक साधारणसभा :**

कामना सेवा विकास बैंक लिमिटेडको सञ्चालक समितिको मिति २०७८ असोज २५ गते बसेको ३१६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम १५औं वार्षिक साधारणसभा बैंक सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूको अध्यक्षतामा बसी देहाय बमोजिमका प्रस्ताव उपर छलफल र निर्णय गरी सम्पन्न भयो ।

**२. सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०७८ साल कार्तिक २३ गते मंगलबार (तदनुसार ०९ नोभेम्बर, २०२१) ।

२.२ समय : बिहान १०:०० बजे ।

२.३ स्थान : पार्क भिलेज रिसोर्ट, बूढानीलकण्ठ, काठमाडौं ।

**३. सभाको सूचना प्रकाशन :**

३.१ साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७८ साल असोज २६ गते कारोबार राष्ट्रिय दैनिकमा र मिति २०७८ साल कार्तिक १५ गते आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ (दुई) पटक सूचना प्रकाशन गरी सम्पूर्ण शेयरधनी महानुभावलाई जानकारी गराईएको थियो ।

३.२ सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/०७८ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरू) साथै अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुको घर ठेगानामा पठाइएको तथा बैंकको वेवसाइटमा समेत हेर्न सकिने व्यवस्था मिलाईएको कुरा सभा सञ्चालक तथा कम्पनी सचिव मार्फत सभामा जानकारी गराइयो ।

**४. छलफलका विषयहरू :**

**क. सामान्य प्रस्तावहरु :**

१. आ.व. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/०७८ को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को ०.९७ प्रतिशतले हुन आउने नगद लाभांश रु. २,५७,२४,०४८.२० (अक्षरेपी दुई करोड सन्ताउन्न लाख चौबीस हजार अठचालिस रुपैयाँ र बीस पैसा मात्र) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्तावउपर छलफल गरी पारित गर्ने ।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक समूहबाट ३ जना र सर्वसाधारण समूहबाट ३ जना गरी जम्मा ६ जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख. विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को १८.५० प्रतिशतका दरले हुने रकम रु. ४९,०६,१३,२९०.३४ (अक्षरेपी उनन्चास करोड छ लाख तेह्र हजार दुई सय नब्बे रुपैयाँ र चौतिस पैसा मात्र) बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने । साथै, बोनस सेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने ।

२. विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुनेगरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

३. अधिकृत पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

५. यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकआपसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्ने, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

**ग. विविध :**

**५. उपस्थिति :**

५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८ अनुसार) :



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

| | | |
|---|---|---|
| क. | श्री सुदिप आचार्य | अध्यक्ष |
| ख. | श्री भिम प्रसाद तुलाचन | सञ्चालक |
| ग. | श्री चतुराखर अधिकारी | सञ्चालक |
| घ. | श्री देवकृष्ण काफ्ले | सञ्चालक |
| ङ. | श्री विश्वेश्वर सुवेदी | सञ्चालक |
| च. | श्री बलराम बराल | सञ्चालक |
| छ. | श्री सीता घिमिरे | सञ्चालक |

**५.२ व्यवस्थापनको उपस्थिति :**

क) श्री प्रविण बस्नेत — प्रमुख कार्यकारी अधिकृत

ख) श्री हरि प्रसाद लम्साल — नायव प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**५.३ शेयरधनीहरुको उपस्थिति :**

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १. | स्वयं उपस्थित हुने शेयरधनीको संख्या | १४८ |
| २. | प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या | ४७१ |
| ३. | भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुने शेयरधनीको संख्या | ८६ |
| **जम्मा** | | **७०५** |

**६. गणपूरक संख्या :**

कम्पनीको कुल शेयरधनी संख्या ५०,९५८ (पचास हजार नौ सय अन्ठाउन्न) रहेकोमा स्वयं उपस्थित हुने शेयरधनीको संख्या १४८, प्रतिनिधि मार्फत उपस्थित हुने शेयरधनीको संख्या ४७१ र भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुने शेयरधनीको संख्या ८६ गरी कुल ७०५ जना शेयरधनीहरुको उपस्थिति रहेको सभामा निम्न बमोजिम उपस्थिति रह्यो ।

| कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समुह) | शेयर संख्या (सर्व साधारण समुह) | स्वयं उपस्थित शेयर संख्या (क) | प्रतिनिधिद्वारा उपस्थित शेयर संख्या (ख) | जम्मा (क + ख) | उपस्थित शेयर संख्याको प्रतिशत |
|---|---|---|---|---|---|---|
| २,६५,१९,६३७.२९ | १,३५,२५,०१५.०२ | १,२९,९४,६२२.२७ | १९,५२,११९ | १,२५,८४,६१६ | १,५३,७५,१३२ | ५४.८१ |



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

७. **सभाको वैधानिकता**

७.१ कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको १५औं वार्षिक साधारणसभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको र कम्पनी ऐन, २०६३ को दफा ६७(४) बमोजिम गरिएको हुँदा कम्पनी सचिवले प्रचलित कानून अनुसार तथा भर्च्युअल (Video Conference) मार्फत सञ्चालन भएको सभा बैधानिक भएको जानकारी सभालाई गराउनु भयो ।

७.२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्या पुगेको सभाले मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा बैंकको स्वीकृत नियमावली तथा प्रचलित ऐन कानून बमोजिम कार्यवाही बढाउन सभाले अनुमति दियो ।

८. **सभाको अध्यक्षता र सभा सञ्चालन** :

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम सञ्चालक समितिका अध्यक्ष श्री सुदिप आचार्यज्यूले सभाको अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालकहरूज्यूले पनि क्रमश: सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

९. **स्वागत मन्तव्य :**

सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फबाट सञ्चालक श्री चतुराखर अधिकारीज्यूले सभामा स्वयं उपस्थित हुनु भएका तथा भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, आमन्त्रित अतिथि महानुभावहरु तथा उपस्थित अन्य सबैलाई हार्दिक स्वागत गर्दै आफ्नो स्वागत मन्तव्य राख्नुभयो ।

१०. **वार्षिक साधारणसभाको औपचारिक उद्घाटन :**

१५औं वार्षिक साधारणसभाको औपचारिक उद्‌घाटन सभाका अध्यक्षज्यूले दिप प्रज्वलन गरि गर्नुभयो । सोही अवसरमा नेपालको राष्ट्रिय गान बजाई राष्ट्र र राष्ट्रियता प्रति समर्पण भाव प्रकट गरिएको थियो ।

११. **सभा सञ्चालनको अनुमति :**

सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषय सूचिहरू सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

१२. **प्रस्तावहरूको प्रस्तुति :**

अध्यक्षज्यूको अनुमती अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट बैंकको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र सोही बमोजिम सभाका अध्यक्षले सो प्रतिवेदन सभामा प्रस्तुत गरि छलफलको लागि सहभागी हुन आग्रह गर्नुभयो ।



.............................
हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.............................
सुदिप आचार्य
अध्यक्ष

**१२.१ प्रतिवेदन उपर छलफल :**

अध्यक्षले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको प्रतिवेदन उपर छलफलको क्रममा सभामा उपस्थित शेयरधनीहरुले निम्न बमोजिम आफ्नो जिज्ञासा, प्रश्न एवं सुझाव राख्नुभयो ।

**शेयरधनी श्री अमृतनाथ रेग्मीज्यू :**

शेयरधनी श्री अमृतनाथ रेग्मीले भर्च्युअल (Video Conference) माध्यमबाट निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१) बैंकको आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन अध्ययन गर्दा यस्तो विषम परिस्थितीमा पनि राम्रो प्रतिफल दिन सफल भएकोमा बैंक परिवारलाई विशेष धन्यवाद दिनुभयो ।

२) वित्तीय विवरणलाई केलाउँदा प्रति शेयर आम्दानी तथा कर्जा निक्षेप अनुपात पनि सन्तोषजनक रहेकोले यसलाई निरन्तरता दिनुपर्ने सुझाव दिनुभयो । साथै Shareholder fund, Off Balance sheet item, कर्जा असुली, Base Rate तथा Cost of Fund मा विशेष ध्यान दिई अगाडी बढ्न सुझाव दिनुभयो ।

३) मर्जरको विषयलाई हेर्दा व्यवसायको विस्तारलाई मध्यनजर गरी पहिलो नम्बरको विकास बैंक बन्नेतर्फ ध्यान दिन उपयुक्त हुने सुझाव दिनुभयो ।

**शेयरधनी श्री शत्रुघ्न श्रेष्ठ**

शेयरधनी श्री शत्रुघ्न श्रेष्ठले भर्च्युअल (Video Conference) माध्यमबाट निम्न अनुसारको सुझाव सहित शुभकामना दिनुभयो,

१) बैंकलाई अहिलेको अवस्थामा ल्याउन सफल हुनु भएको तथा गत आ.व.मा भन्दा चार गुणा बढि प्रतिफल दिन सफल हुनुभएको, कर्मचारी तथा सञ्चालन खर्चमा मितव्ययिता अपनाएको देखिनुका साथै चुक्ता पूँजी ३ अर्ब बढी पुऱ्याएकोमा सञ्चालक समिति तथा बैंक परिवारलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२) समयमा नै साधारणसभा सम्पन्न गराउनु भएकोमा विषेश धन्यवाद दिदै NPL Management मा सजग भएर अगाडी बढ्न उपयुक्त हुने सुझाव दिनुभयो ।

३) समकक्षी विकास बैंकहरुको तुलनामा यस बैंकको प्रतिफललाई अब्बल बनाई लगानीकर्ताहरुमा विश्वास दिलाउने तर्फ विशेष जोड दिन सुझाव दिदै बैंक तथा वार्षिक साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

**शेयरधनी श्री अमृतदास रंजितज्यू :**

शेयरधनी श्री अमृतदास रंजितले भर्च्युअल (Video Conference) माध्यमबाट निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१) लामो समय पश्चात् दाहोरो अंकमा प्रतिफल प्रदान गर्नु भएको साथै व्यवसाय बृद्धि पनि सन्तोषजनक रहेकाले धितोपत्रको दोश्रो बजारमा लगानिकर्ताको विस्वास जित्न सफल भएकोमा बैंकका अध्यक्ष, सञ्चालक तथा बैंक व्यवस्थापन प्रति हार्दिक कृतज्ञता सहित धन्यवाद दिनुभयो ।

२) बैंकले लिएको दीर्घकालिन रणनीति २०८० अनुरुप व्यवसाय र प्रतिफलाई बृद्धि तर्फ समय सान्दर्भिक पुनरावलोकन गरी अगाडी बढ्ने तर्फ विशेष पहल गर्न सुझाव दिनुभयो ।



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

३) प्रति शेयर आम्दानीमा गिरावट आउन नदिई बैंकको गैर सञ्चालन आम्दानी भन्दा सञ्चालन आम्दानी बृद्धि तर्फ जोड दिई आगामी दिनमा लगानीकर्ताको विश्वास प्राप्तगर्नको लागि स्थिर लाभांश नीति अवलम्वन गर्न तथा शेयरधनीहरुको हितहुने गरी कार्य गर्नका लागि सुझाव दिनु हुँदै साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

**शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठज्यू :**

शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१) गत वर्षहरुको तुलनामा बैंकले राम्रो प्रगती गरी शेयरधनीहरुलाई उच्च प्रतिफल प्रदान गरेकोमा बैंक परिवारलाई धन्यवाद दिनुभयो ।

२) साधारणसभामा सर्वसाधारण शेयरधनीहरुको पहुँचलाई समेत ध्यान दिनुहुन सुझाव दिनुभयो ।

३) धितोपत्रको दोश्रो बजारमा यस बैंकको बृहत्तर कारोबारले बैंक प्रति लगानीकर्ताहरुको विश्वास बढेको देखिन्छ, त्यसको बावजुद आगामी दिनमा पनि यस वर्षको प्रतिफल नघट्ने गरी लाभांशको रुपमा बोनस शेयर तथा नगद लाभांश समेत वितरण गर्न उपयुक्त हुने सुझाव दिनुभयो ।

४) CD Ratio व्यवस्थापन गर्नुहुन, Base Rate घटाउन तथा निष्कृय कर्जा कम गरी अगाडि बढेको खण्डमा हामी Right Track मा छौं, यसमा विशेष ध्यान दिएर अगाडि बढ्न सुझाव दिँदै बैंक तथा साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

**शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यू :**

शेयरधनी श्री उद्धव प्रसाद घिमिरेज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१) बैंकले शेयरधनीहरुलाई वितरण गरेको प्रतिफलका साथै वासलातको साईजमा उत्कृष्ट बृद्धि गर्न सफल भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

२) बैंकले प्रदान गर्ने सेवामा चुस्तता कायम गरी ग्राहकमहानुभावहरुलाई सन्तुष्ट बनाई अब्बल बैंक बन्नेतर्फ अग्रसर हुन तथा कसैको पनि गुनासो नआउनेगरी कार्य गर्न र कर्मचारी दक्ष्यता अभिबृद्धि गराउने तर्फ जोड दिनुका साथै बैंकलाई अन्तराष्ट्रिय स्तरमा पहिचान गराउने कार्य गर्नुहुनका साथै, प्रतिवेदनमा औल्याइएका त्रुटिहरु नदोहारिने गरी कार्य गर्न सुझाव दिनुभयो ।

३) बैंकको उत्तरोउत्तर प्रगतिको कामना सहित १५औं वार्षिक साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

**शेयरधनी श्री डमरु बल्लभ घिमिरेज्यू :**

शेयरधनी श्री डमरु बल्लभ घिमिरेज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,



हरि प्रसाद लम्साल
कम्पनी सचिव



सुदिप आचार्य
अध्यक्ष

१) कामना सेवा विकास बैंकको प्रगति उपर गर्व महशुस गरी शेयरधनीहरुलाई प्रदान गरेको १९.४७ प्रतिशतको प्रतिफल उच्च रहेकाले सञ्चालक समिति तथा बैंक परिवार प्रति हार्दिक आभार प्रकट गर्नुभयो ।

२) वार्षिक प्रतिवेदन अंग्रेजी र नेपाली भाषामा शेयरधनीहरुले बुझ्नेगरी यथाशिघ्र शेयरधनीले प्राप्त गर्नसक्ने व्यवस्था मिलाउनु हुन र नेपाल राष्ट्र बैंकबाट वार्षिक प्रतिवेदन स्वीकृतिमा उल्लेख भएका कैफियतहरु नदोहोरिने व्यवस्था मिलाउन बैंक व्यवस्थापनलाई सुझाव दिनुभयो ।

३) बैंकको उत्तरोउत्तर प्रगतिको कामना सहित १५ औं वार्षिक साधारणसभाको सफलताको शुभकामना दिनुभयो । आगामी वर्षहरुमा पनि अहिलेको प्रतिफल नघटाई शेयरधनीहरुको मनोभावना उच्च कायम राख्न सुझाव दिदै वार्षिक साधारणसभाको सफलताको शुभकामना दिनु भयो ।

**शेयरधनी श्री शिव प्रसाद पौडेलज्यू :**

शेयरधनी श्री शिव प्रसाद पौडेलज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१. वार्षिक साधारणसभा समयमा नै सम्पन्न गरी शेयरधनीहरुको पूँजी संरक्षण गरेकोमा सञ्चालक समितिलाई विशेष धन्यवाद दिदै बैंकले प्रदान गरेको लाभांश समेत उच्च रहेकोमा खुशी व्यक्त गर्दै यथाशिघ्र सूचीकरण कार्य सम्पन्न गरी लगानीकर्ताहरुको विश्वास जित्नको लागि बैंक व्यवस्थापनलाई सुझाव दिनु भयो ।

२. आम शेयरधनी महानुभावहरुको पहुँचतामा सहज हुने गरी वार्षिक साधारणसभाको स्थान निर्धारण गर्नुहुन साथै वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनीहरुले बुझ्ने गरी तयार पारी समयमा नै शेयरधनीहरुले प्राप्त गर्ने व्यवस्था गर्नुहुन तथा प्रतिफल वितरण गर्दा नगद लाभांश समेत हुने गरी तर्जुमा गर्नुहुन सुझाव दिनुभयो ।

**शेयरधनी श्री कृष्ण प्रसाद शर्माज्यू :**

शेयरधनी श्री कृष्ण प्रसाद शर्माज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१. यस वर्ष बैंकले प्रदान गर्नु भएको लाभांश विगतका वर्षहरुमा भन्दा उच्च रहेकाले बैंक परिवारलाई धन्यवाद व्यक्त गर्दै साधारणसभामा बैंकको तर्फबाट भएको उपस्थिति तथा सभा स्थलको व्यवस्थापन उत्कृष्ट रहेकोमा खुशी व्यक्त गर्नुभयो ।

२. वार्षिक प्रतिवेदनमा केही सुधार गर्नुपर्ने देखिएकोमा आगामी वर्षहरुमा सुधार हुदै जाने विश्वास गर्दै नेपाल राष्ट्र बैंकले दिएका सुझावहरु अक्षरस पालना गर्न सुझाव दिदै १५औं वार्षिक साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।



हरि प्रसाद लम्साल
कम्पनी सचिव



सुदिप आचार्य
अध्यक्ष

**शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठज्यू :**

शेयरधनी श्री नारायण सुन्दर श्रेष्ठज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१. बैंकले राम्रो लाभांश वितरण गरेकोमा शुभकामना साथै नगद तथा बोनस शेयरको अनुपात मिलाएर दिने व्यवस्था गर्नुहुन सुझाव दिनुभयो ।

२. RTA ले प्रदान गर्ने सेवा शेयरधनी मैत्री गराउनु हुन, वितरण गर्न बाँकी लाभांश शेयरधनीलाई खबर गरी यथाशक्य छिटो प्राप्त हुने व्यवस्था मिलाउनुहुन सुझाव दिनुभयो ।

**शेयरधनी श्री उत्सव सुन्दर श्रेष्ठज्यू :**

शेयरधनी श्री उत्सव सुन्दर श्रेष्ठज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१. अगामी वर्षहरुमा Fraction शेयरहरुलाई नजिकको अंकमा समायोजन गरी शेयरधनीलाई सहज हुने व्यवस्था मिलाउनुहुन सुझाव दिनुभयो ।

२. कर्णाली प्रदेशमा बैंकको एउटामात्र शाखा रहेकोले व्यवसायीक सम्भावना रहेका स्थानहरु पहिचान गरी शाखा विस्तार गर्न सुझाव दिदै आगामी वर्षहरुमा समेत प्रतिफल नघटाई शेयरधनीहरुको विश्वास कायम राख्न अनुरोध गर्दै साधारणसभाको सफलताको शुभकामना दिनुभयो ।

**शेयरधनी श्री लवराज जोशीज्यू :**

शेयरधनी श्री लवराज जोशीज्यूले साधारणसभामा स्वयं उपस्थित भई निम्न अनुसारको सुझाव तथा शुभकामना दिनुभयो,

१. राम्रो दरको प्रतिफल प्रदान गर्नुभएको साथै उत्कृष्ट रुपमा बैंक व्यवस्थापन गर्नु भएकोमा अध्यक्ष, सञ्चालक समिति लगायत प्रमुख कार्यकारी अधिकृत प्रति आभार व्यक्त गर्नुभयो ।

२. साधारणसभाको स्थान निर्धारण गर्दा सर्वसाधारण शेयरधनीको पहुँचलालाई समेत ध्यान पुऱ्याईदिनुका साथै अन्य व्यवस्थापनमा समेत सजग भई कार्य गर्नुहुन सुझाव दिदै १५औं वार्षिक साधारणसभाको सफलताको कामना गर्नुभयो । साथै साधारणसभामा निर्वाचनको समेत कार्यतालिका रहेकोमा आवश्यक मात्र मनोनयनपत्र दर्ता भई सञ्चालक समितिमा निर्विरोध निर्वाचित हुनुभएको जानकारी आएको हुँदा नव निर्वाचित सञ्चालकज्यूहरुलाई सफल कार्यकालको शुभकामना दिनुहुदै आगामी आ.व. मा लक्ष्य निर्दिष्ठ गरी सोही अनुरुप कार्य सम्पादन गर्नुहुन र प्रतिफल बढाउने तर्फ जोड गर्नुहुन सुझाव दिनु भयो ।

**१२.२ जिज्ञासा उपर जवाफ :**

शेयरधनी महानुभावहरुले विभिन्न विषहरुमा व्यवस्थापन सम्बन्धमा राख्नु भएका जिज्ञासा एवं सुभावहरुउपर जवाफ दिने क्रममा अध्यक्षज्यूले भौतिक रुपमा उपस्थित हुनुभएका तथा Zoom मार्फत जोडिएर हामीलाई दिनुभएको सल्लाह सुझावहरु उत्साहजनक रहेका छन् । जसमा रणनीतिक प्रभावपार्ने सुझावहरु क्रमिकरुपमा मनन् गरी बैंकको कार्यहरु प्रारम्भ गर्ने प्रक्रिया मिलाउने छौं र धेरैजसो सुझावहरु Operation सँग



.................................
हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

.................................
सुदिप आचार्य
अध्यक्ष

सम्बन्धित भएकाले सोको बारेमा प्रष्ट्याउन बैंकका प्रमुख कार्यकारी अधिकृत श्री प्रविण बस्नेतज्युलाई निर्देशन दिनुभए बमोजिम उहाँले दिनुभएको प्रतिउत्तरको सारांश ।

१) सर्वप्रथमत यस सम्मानित सभामा आफ्ना अमूल्य सुझाव राख्नुहुने सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दछु । यहाँहरुले बैंकको व्यवसायीक गतिविधिलाई नजिकबाट नियाल्नुभएको प्रष्ट हुन्छ, जसले हाम्रो ध्यानाकर्षण गरी व्यवसायलाई सहि मार्गनिर्देशन गर्ने व्यहोरा जानकारी गराउनुभयो ।

२) व्यवसायको बृद्धि सम्बन्धमा प्रत्येक वर्षका लागि लक्ष्य निर्धारण गरी व्यवसाय बृद्धि साथै बजारमा बैंकको उपस्थितिलाई समेत मजबुत पार्दै गएका छौं । त्यसैको फलस्वरुप शेयरधनी महानुभावहरुलाई यस आ.व.मा राम्रो प्रतिफल दिन सफल भएका छौं ।

३) लाभांश सम्बन्धमा सञ्चालक समितिको मार्गनिर्देशन बमोजिम जुन स्तरको व्यवसायिक बृद्धि हासिल गरेका छौं सोही अनुरुप नै अझै मेहनत गरेर शेयरधनी महानुभावहरुको आकांक्षा अनुरुप बोनस तथा नगद लाभांश प्रदान गर्ने तर्फ हामी सजग भएर अगाडी बढ्ने छौं ।

४) सञ्चालक आम्दानी र सञ्चालन खर्चको अनुपातको सम्बन्धमा हामी व्यवसाय विस्तारको क्रममा रहेकाले सो अनुपात क्रमिक रुपमा सुधार गरी प्रतिफल बढाउने तर्फ नै हाम्रो अबको व्यावसायिक रणनीति रहने छ ।

५) व्यवसाय विस्तार सम्बन्धमा समग्र अर्थतन्त्रको प्रभाव बैंकिङ, व्यवसायमा पनि देखिएकोमा हामी हाम्रो साथै सबै संस्थाको सफलताको काममा गर्दछौं । साथै, हामी अरुभन्दा पृथक रुपमा अब्बल र सफल हुन प्रयासरत छौं ।

६) लाभांश नीति, खर्चको मितव्ययिता साथै वार्षिक प्रतिवेदनमा शेयरधनी महानुभावहरुले औल्याउनु भएका केही त्रुटिहरु प्रति हाम्रो ध्यान आकर्षित भएको छ आउदा दिनहरुमा यहाँहरुको सूझावहरु मनन् गरी सम्बोधन गर्ने प्रयास गर्ने छौं ।

७) नेपाल राष्ट्र बैंकद्वारा जारी एकीकृत निर्देशिकाको इ.प्रा. निर्देशन तथा हाम्रो बैंकको आन्तरिक नियन्त्रण प्रणाली अर्न्तगत CCTV Surveillance Room को स्थापना गरी २४ सै घण्टा अवलोकन गर्ने व्यवस्था गरी ATM Booth तथा Branch कार्यालयहरुमा केही अस्वभाविक तथा संकाशपद गतिविधि देखिएमा तुरुन्त सम्बन्धित निकायमा जानकारी गराउने समयन्त्र विकास गरी लागू गरेका छौं ।

८) गैर संचालन आम्दानी सम्बन्धमा गत वर्षको जस्तो धितोपत्रको दोश्रो बजारमा सम्भावना नरहेता पनि संचालन आम्दानी तर्फ यस आ.व.को पहिलो त्रैमासमा नै गत आ.व.को भन्दा तिन गुणा बृद्धि भैसकेकाले यस आ.व.मा पनि गत आ.व.मा भन्दा लाभांश घट्न नदिने तर्फ ध्यान पुऱ्याउने छौं ।

९) यहाँहरुले राख्नु भएका सल्लाह सुझावलाई मनन गर्दै Mature Organization को रुपमा स्थापित गर्न संस्थालाई Right Direction तर्फ लैजाने विषयलाई जोड दिदै अगाडी बढ्ने छौं भन्दै अन्त्यमा सबैलाई धन्यवाद ज्ञापन गर्दै आफ्नो जवाफहरु अन्त्य गर्नु भयो ।



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

**छलफलको क्रम समाप्ती :**

शेयरधनी महानुभावहरूले राख्नु भएको जिज्ञासा एवं सुझावहरूको सम्बन्धमा सभाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु भए पछि र अन्य शेयरधनी महानुभावहरुबाट थप जिज्ञासा प्राप्त नभएकोले कम्पनी सचिवले छलफलका विषयवस्तुहरु समाप्त भएको जानकारी सभामा गराउनु भयो ।

**अन्य प्रस्तावहरुको प्रस्तुति :**

अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर शेयरधनी महानुभावहरुको छलफल तथा सोको जवाफको क्रमको समाप्ति पछि कम्पनी सचिवले उक्त प्रस्तावलाई पारित गरिदिन सभालाई अनुरोध गर्दै क्रमशः अन्य प्रस्तावहरुलाई समेत सभा समक्ष प्रस्तुत गर्नुभयो र सभाबाट देहाय बमोजिम प्रस्तावहरु पारित तथा स्वीकृत गर्ने निर्णय भयो ।

**१३. सभामा पेश भएका प्रस्ताव र पारीत निर्णयहरु :**

**क) सामान्य प्रस्ताव**

**सामान्य प्रस्ताव नं. १ र सो उपर निर्णय :**

आ.व. २०७७/०७८ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट ध्वनि मतले सर्व सम्मतिबाट पारित भयो ।

**सामान्य प्रस्ताव नं. २ र सो उपर निर्णय :**

लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७८ को वासलात, आ.व. २०७७/०७८ को नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण, नाफा/नोक्सान बाँडफाँट हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट ध्वनि मतले सर्व सम्मतिबाट पारित भयो ।

**सामान्य प्रस्ताव नं. ३ र सो उपर निर्णय :**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को ०.९७ प्रतिशतले हुन आउने नगद लाभांश रु. २,५७,२४,०४८.२० (अक्षरेपी दुई करोड सन्ताउन्न लाख चौबीस हजार अठचालिस रुपैयाँ र बीस पैसा मात्र) बोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ वितरण गर्ने प्रस्तावउपर छलफल गरी पारित गर्ने सम्बन्धी प्रस्ताव निर्णयार्थ सभामा प्रस्तुत भएपछि उपस्थित शेयरधनी महानुभावहरुबाट ध्वनि मतले सर्व सम्मतिबाट पारित भयो ।

**सामान्य प्रस्ताव नं. ४ र सो उपर निर्णय :**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७८/०७९ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

प्रस्ताव सभामा प्रस्तुत भएकोमा आ.व.२०७८/०७९ को लागि बाह्य लेखापरीक्षकको नियुक्तिका विषयमा छलफल हुँदा कम्पनी ऐन २०६३ को दफा १६५ को खण्ड (घ) को प्रावधान बमोजिम लेखापरीक्षण समितिले "कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि संभावित लेखापरीक्षकको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिका शर्तहरु निर्धारण गरी अनुमोदनको लागि साधारणसभामा पेश गर्ने" भनि उल्लेख भए बमोजिम आर्थिक वर्ष २०७८/०७९ को लेखापरीक्षण गर्नका लागि लेखापरीक्षक श्री PKF TR Upadhya & Co. लाई कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम नियुक्ति गर्न योग्य देखिएको हुँदा देहाय बमोजिमका कार्य सम्पादन गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने र सो बापत उक्त फर्मलाई एकमुस्ट रु. ८,००,०००.०० (अक्षरेपी आठ लाख मात्र) मु.अ. कर समेत पारिश्रमिक प्रदान गर्ने निर्णय सर्वसम्मतिले निर्णय गरियो । साथै, उक्त शुल्क भित्र देहायका कार्यहरु समावेश गरिएको समेत जानकारी गराइयो ।

- Statutory Audit for FY 2078/79
- Tax Audit for FY 2078/79
- Long Form Audit Report for FY 2078/79
- Certification u/s 78 of Companies Act 2063 for FY 2078/79
- Certification as per SEBON directives for FY 2078/79

**सामान्य प्रस्ताव नं. ५ र सो उपर निर्णय :**

संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने प्रस्ताव सम्बन्धमा निर्वाचन अधिकृत श्री यादव प्रसाद ढुङ्गानाज्यूले निर्वाचन परिणामबारे सभालाई जानकारी दिनुहुदै वार्षिक साधारण सभामा संस्थापक समुहको शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक ३ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नु हुने सञ्चालक ३ जना गरी कूल ६ जना सञ्चालकहरुको निर्वाचनको कार्यक्रम रहेकोमा प्रकाशित गरेको निर्वाचन कार्यतालिका बमोजिम निम्नानुसार ६ जना सञ्चालकहरु निर्विरोध निर्वाचित हुनु भएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| १) श्री सुदिप आचार्य | (सञ्चालक संस्थापक शेयरधनी समुह) |
| २) श्री भिम प्रसाद तुलाचन | (सञ्चालक संस्थापक शेयरधनी समुह) |
| ३) चतुराखर अधिकारी | (सञ्चालक संस्थापक शेयरधनी समुह) |
| ४) देव कृष्ण काफ्ले | (सञ्चालक सर्वसाधारण शेयरधनी समुह) |
| ५) विश्वेश्वर सुवेदी | (सञ्चालक सर्वसाधारण शेयरधनी समुह) |
| ६) बलराम बराल | (सञ्चालक सर्वसाधारण शेयरधनी समुह) |

**ख) विशेष प्रस्ताव :**

**विशेष प्रस्ताव नं. १ र सो उपर निर्णय :**

सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७७/०७८ को मुनाफा तथा संचित मुनाफा रकम समेतबाट यस विकास बैंकको हाल कायम चुक्ता पूँजी रु. २,६५,१९,६३,७३१.५९ को १८.५० प्रतिशतका दरले हुने रकम रु. ४९,०६,१३,२९०.३४ (अक्षरेपी उनन्चास करोड छ लाख तेह्र हजार दुई सय नब्बे रुपैयाँ र चौतिस पैसा मात्र) बोनस शेयर वितरण गर्ने विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने । साथै, बोनस



हरि प्रसाद लम्साल
कम्पनी सचिव



सुदिप आचार्य
अध्यक्ष

सेयर जारी पश्चात् कायम हुन आउने भिन्न अंक (Fraction) लाई भविष्यमा समायोजन गर्ने गरी यथावत राख्ने विशेष प्रस्ताव स्वीकृत भयो ।

**विशेष प्रस्ताव नं. २ र सो उपर निर्णय :**
विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुनेगरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सो बमोजिम जारी पूँजी र चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र संशोधन प्रस्ताव पारित भै देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ख)**
(ख) विकास बैंकको जारी पूँजी रु ३,१४,२५,७७,०२१.९३ (अक्षरेपी तीन अर्ब चौध करोड पच्चिस लाख सतहत्तर हजार एक्काइस रुपैयाँ र पैसा त्रियानब्बे मात्र) हुनेछ । जसलाई प्रति शेयर रु १००.०० का दरले ३,१४,२५,७७०.२२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (ग)**

(ग) विकास बैंकको चुक्ता पूँजी रु ३,१४,२५,७७,०२१.९३ (अक्षरेपी तीन अर्ब चौध करोड पच्चिस लाख सतहत्तर हजार एक्काइस रुपैयाँ र पैसा त्रियानब्बे मात्र) हुनेछ ।

**विशेष प्रस्ताव नं. ३ र सो उपर निर्णय :**

अधिकृत पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने र सो बमोजिम अधिकृत पूँजी बृद्धि गर्न प्रबन्धपत्र संशोधन प्रस्ताव पारित भै देहाय बमोजिम संशोधन गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।

**प्रबन्धपत्रको दफा ५ को खण्ड (क)**
(क) विकास बैंकको अधिकृत पूँजी रु ५,००,००,००,०००.०० (अक्षरेपी पाँच अर्ब मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु १००.०० का दरले ५,००,००,०००(पाँच करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**विशेष प्रस्ताव नं. ४ र सो उपर निर्णय :**

बैंकको प्रबन्धपत्र तथा नियमावलीको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धी प्रस्ताव ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो । साथै प्रबन्धपत्रको दफा ४ को खण्ड (कड) मा देहाय बमोजिम थप गर्ने सर्वसम्मतिले निर्णय भयो । सो सहमतिको लागि नेपाल राष्ट्र बैंक र अभिलेखको लागि कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाउने निर्णय भयो ।



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

**प्रबन्धपत्रको दफा ४ को खण्ड (क ड)**

(कड) बैंकले आवश्यकता अनुसार सहायक कम्पनीहरु स्थापना गरी प्रचलित कानून बमोजिम आवश्यक स्वीकृति लिई सम्पत्ति व्यवस्थापन, इन्भेष्टमेण्ट बैंकिङ र धितोपत्र व्यवसायी/दितो पत्र दलाल सम्बन्धी कार्य गर्ने ।

**विशेष प्रस्ताव नं. ५ र सो उपर निर्णय :**

यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्न, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायत आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय ध्वनि मतले सर्वसम्मत रुपमा पारित भयो ।

**ग) विविध ।**

विविध अर्न्तगत छलफलका लागि अन्य थप विषय नभएकोले वार्षिक साधारणसभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने तथा बुझाउनु पर्ने निकायहरुमा कम्पनी सचिवले प्रमाणित गरी प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

**१४. धन्यवाद ज्ञापन सम्बन्धमा :**

कार्यक्रमको अन्तमा कम्पनी सचिवले बैंकका सञ्चालक श्री बलराम बरालज्यूलाई स्वयं उपस्थित हुनु भएका तथा भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुनु भएका सम्पूर्ण उपस्थितिलाई धन्यवाद ज्ञापन सहित आफ्नो मन्तव्य राखिदिन अनुरोध गर्नुभयो र सञ्चालक श्री बलरम बरालज्यूले स्वयं उपस्थित हुनु भएका तथा भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुनु भएका सम्पूर्ण उपस्थितिलाई आफ्नो अमूल्य समय दिई साधारणसभालाई सभ्य र भव्य रुपमा सम्पन्न गर्नको लागि पुऱ्याउनु भएको योगदानको लागि उच्च सम्मान गर्दै आगामी दिनमा पनि यस्तै सहयोग र सुझावको अपेक्षा सहित आफ्नो मन्तव्य राख्नुभयो ।

**१५. सभाको समापन :**

पूर्व निर्धारित विषयसूचीहरू उपरको छलफलको क्रम समाप्त भएकोले कम्पनी सचिवले सभाका अध्यक्ष श्री सुदिप आचार्यज्यूलाई सभाको औपचारिक समापन गरिदिनु हुन अनुरोध गर्नुभयो र सभा अध्यक्ष श्री सुदिप आचार्यज्यूले बैंकिङ क्षेत्रमा देखिएका चुनौतीहरुलाई अवसरमा बदल्दै बैंकलाई राष्ट्रिय स्तरको एउटा अब्बल विकास बैंकको रुपमा स्थापित गर्न आफूले हर सम्भव प्रयत्न गर्ने प्रतिवद्धता व्यक्त गर्दै स्वयं उपस्थित हुनु भएका तथा भर्च्युअल (Video Conference) माध्यमबाट उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरु, वर्तमान, निवर्तमान तथा पूर्व सञ्चालकज्यूहरु, लेखापरीक्षकज्यू, पत्रकारज्यूहरु, उपस्थित अन्य



हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सुदिप आचार्य
अध्यक्ष

अतिथि तथा कर्मचारीहरु सबैलाई धन्यवाद दिदै पन्ध्रौं वार्षिक साधारणसभा औपचारिक रुपमा समापन भएको घोषणा गर्नुभयो ।

..................
हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

..................
सुदिप आचार्य
अध्यक्ष

सभा सम्पन्न मिति : २०७८ साल कार्तिक २३ गते मंगलबार तद्नुसार नोभेम्बर ०९, २०२१